
सुर्मा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दौलिचौर, बझाङ्ग ।

# आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा वजेट




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५,०००/१,५०,०००), नापी विभाग र जनगणना २०६८, केन्द्रीय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2018

सम्पुर्ण गाउँसभा सदस्यज्युहरु,

यस सुर्मा गाउँपालिकाको गाउँसभाको उन्नाइसौं अधिवेशनमा उपस्थित सवैलाई हार्दिक स्वागत गर्दछु । साथै यस गरिमामय गाउँसभामा आ व २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा हर्षित एवं गौरवान्वित महसुस गरेको छु । संघीय लोकतन्त्रको स्थापना सम्म अग्रगमन दिगो विकास सुशासनका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्षमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्न चाहान्छु । नेपालको संविधान मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको स्थापना भएसँगै राजनितिक रुपमा संरचना निर्माण भएका स्थानीय तहहरुको राजनीतिक प्रतिनिधित्व मार्फत नागरिकको घरदैलोको सरकारको रुपमा कार्य भइरहेको छ । स्थानीय तहमा निर्वाचित दोस्रो कार्यकालको अन्तिम आर्थिक वर्षको नीति तथा कार्यक्रम आज यस सम्मानित गाउँसभा समक्ष पेश गर्न गइरहेको छु । स्थानीय सरकार स्थापना भएको करीव ९ वर्षको अन्तरालमा यस गाउँपालिकामा विभिन्न क्षेत्रमा थुप्रै सकारात्मक कार्यहरु भएको पाइन्छ । सीमित स्रोत साधन र असिमित आवश्यकताका विचमा रहेको असन्तुलन वीच सन्तुलन कायम गर्नु पक्कै पनि चुनौतीपुर्ण कार्यको रुपमा रहेको सर्वविदितै छ । प्रस्तुत नीति तथा कार्यक्रम मार्फत समृद्ध गाउँपालिका निर्माणमा मार्गदर्शन गर्ने अपेक्षा लिएको छु । यो नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान , १६ औं पञ्चवर्षिय योजना , दिगो विकास लक्ष्य , नेपाल सरकारको आ व २०८३।८४ को नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सुदुरपश्चिम प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम लगायत सरोकारवालाहरुको राय र सुझावलाई मार्गनिर्देशको रुपमा लिएको छु ।

अध्यक्ष महोदय,

अब म आगामी आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम पेश गर्न गइरहेको छु ।

❖ कृषि तथा पशुपक्षीं सम्वन्धी नीति तथा कार्यक्रम

- परम्परागत वालीहरुको विउ संरक्षण, खेती विस्तार र वजारीकरणको लागि रैथाने दाल, दलहन ओखर, ढटेलो, तोरी खेतीको व्यावसायिक रुपमा खेती तथा परिकार उत्पादन गर्ने कृषक तथा साना उद्यमीलाई उद्यमशीलतामा लागत अनुमानका आधारमा अनुदान तथा मेशेनरी औजार उपलब्ध गराईनेछ ।
- रैथाने वालीमा आत्मनिर्भरताका लागि पालिका भरि अभियानका रुपमा **शुद्ध, र अर्गानीक खाऔं, रैथाने** वाली लगाऔं नारालाई निरन्तरता दिईनेछ ।
- कम आयतन र उच्च मुल्यका फलफुल, तरकारी तथा अन्न वालीहरुको पकेट क्षेत्रहरुको थप पहिचान गरि सघन कृषि क्षेत्र निर्धारण गरि उक्त स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति ल्याइ कृषि तथा पशुपालनलाई आधुनिकीकरण,व्यावसायीकरण,विविधीकरण र प्रविधिमा आधारित तुल्याउदै आय आर्जनको प्रमुख स्रोतको रुपमा विकास गरिनेछ ।

CamScanner

- व्यावसायिक कृषि तथा पशुपालनका लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमुना कार्यक्रम सञ्चालन गरी प्रोत्साहन गरिनेछ ।
- व्यावसायिक कृषि पकेट क्षेत्रमा सिचाई, कृषि सडक, विद्युतीकरण कृषि बजार, संकलन केन्द्र तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताको लागि उद्यमशीलताको प्रवर्धन गर्न उन्नत विउविजन, किटनाशक विषादी, यान्त्रीक उपकरणको व्यवस्था गरिनेछ ।
- पशुपालक कृषकहरुलाई हिउँदे तथा वर्षे घाँस लगाउन उत्प्रेरित गरी दुग्ध र मासुजन्य उत्पादनमा निरन्तरता दिइनेछ ।
- माहुरीपालनलाई निरन्तर प्राथमिकतामा राखी यसलाई व्यावसायिकरण गर्न आवश्यक प्रवन्ध मिलाईनेछ ।
- संस्थागत रुपमा समुह गठन गरी कुखुरापालन, माछापालन, उन्नतजातका बाखापालन गर्नमा जोड दिइनेछ र पशु विमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- एक वडा एक कृषि उत्पादनको कार्यक्रमलाई थप निरन्तरता दिइनेछ ।
- कृषि सम्बन्धी माटो परीक्षण गरी किवी खेती, अल्मण्ड(बदाम), किमु, रेडचिल्ली, मौसमी, कुलम(प्लम) जस्ता फलफुल खेतीमा प्राथमिकता दिइनेछ ।
- आलु खेतीका साथै डल्ले चोतो, पिडालू उत्पादनमा वृद्धि गरि सिन्की अचारका परिकारलाई वस्ती बस्तीमा उत्पादन गर्न जोड दिइनेछ ।
- खेर गइरहेको घरेलु बाको, लेकाली बाको र लेकमा पाइने अन्य साग तरकारीका परिकारहरुलाई समुहगत उत्पादन गर्ने नीति अगाढी बढाइनेछ ।
- जङ्गली तथा घरेलु च्याउलाई व्यावसायिकरण गर्न आवश्यक प्रवन्ध मिलाईनेछ ।
- पशु स्वास्थ्य सेवामा आइपर्ने सम्पूर्ण समस्याको समाधानको लागि पशु स्वास्थ्य सेवा तथा उपचारको व्यवस्था थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- आधारभूत बाखापालन कृषक समूहहरुलाई आधुनिक तरिकाले खोर निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
- खाद्य सम्प्रभुता र खाद्य सुरक्षाको सुनिश्चिततामा जोड दिईनेछ ।
- यस पालिका भरी कृषि सम्वन्धी सम्पुर्ण कार्यमा काम गर्ने संघ संस्था लगायत अन्य सरोकार निकाय सँग अनुरोध र साझेदारी नीतिको अवलम्वन गरिनेछ ।

**❖ स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

- सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरि नेपाल सरकाले तोकिएबमोजिमको निशुल्क स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ ।

CamScanner

- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्धनात्मक, निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन उचित नीत नियमको अवलम्वन गरिनेछ ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ प्रभावकारी तथा गुणस्तरीय बनाउन स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र , सामुदायिक स्वास्थ्य केन्द्र र वर्थिङ सेन्टरको सेवा थप र स्तरोन्ती गरिनेछ।
- गुणस्तरीय औषधी, उपकरण, स्वास्थ्य शिक्षा (यौन शिक्षा, प्रजनन शिक्षा), सामग्रीको उचित आपुर्ति तथा भण्डारणको व्यवस्था, वितरण एवं समुचित प्रयोग सुनिश्चित गरिनेछ ।
- सुर्मा गाउँपालिका भरिका सम्पूर्ण जनसमुदायलाई थप आयुर्वेदिक औषधीबाट उपचारका लागि सुर्मा आयुर्वेदिक औषधालय केन्द्रको क्षमता विस्तार गरिनेछ ।
- स्वास्थ्य सेवा प्रभावकारी, गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक जनशक्ति थप गरि क्षमता अभिवृद्धि गरिनेछ ।
- सर्ने, नसर्ने रोग, किटजन्य रोग, पशुपक्षींजन्य रोग, वातावरण प्रदुषण, जलवायु परिवर्तन हुने कारक तत्वलाई न्यूनिकरण गर्न उचित उपायहरु अवलम्वन गरिनेछ ।
- खाद्यपदार्थको गुणस्तर अनुगमन तथा नियमनलाई प्रभावकारी तुल्याईनेछ ।
- महामारी तथा प्रकोपजन्य रोगबाट हुने विपद्को न्युनीकरणका तथा व्यवस्थापनको लागि आवश्यक औजार तथा उपकरण उपलब्ध गराईनेछ साथै विपद् व्यवस्थापन लागि आवश्यका कोष खडा गरिनेछ ।
- पूर्ण सरसफाईयुक्त पालिका घोषणामा निरन्तरता दिईनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि र सुनिश्चितताको लागि विषेशज्ञ शिविर सञ्चालन गरिनेछ।
- जनसंख्या नियन्त्रण र जन्मान्तरको लागि आवश्यक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वंयमसेविकाहरुको क्षमता अभिवृद्धि गरि सेवा प्रभावकारी बनाईने नीतिलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य आमा समुहको क्षमता अभिवृद्धि तथा सुदृढीकरण गरिनेछ ।
- वहुक्षेत्रिय पोषण योजनालाई एकीकृत रुपमा प्रभावकारी कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरिक, असहाय, अपाङ्गताको उपचारमा सहज पुऱ्याउन घरदैलो घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- सबै नागरिकहरुमा स्वास्थ्य बिमा कार्डको पहुँचको लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्थालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- पालिकामा क्षयरोग मुक्त अभियान सञ्चालन गरि क्षयरोग मुक्त पालिका घोषणा गरिनेछ ।

CamScanner

- सुर्मा गाउंपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतीको संरक्षण गरी व्यावसायिक रुपमा प्रर्वधन र प्रशोधन कार्य सञ्चालन गरिनेछ ।
- सुरक्षित मातृत्व सेवा थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य सेवालाई थप प्रविधिमैत्री बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

❖ **शिक्षा, यूवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

- जीवन् उपयोगी आधुनिक व्यावसायिक प्रविधीयुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरिनैछ ।
- सामुदायिक विद्यालयहरुका शिक्षकहरुलाई पेशाप्रति जिम्मेवार वनाई गुण र दोषका आधारमा प्रोत्साहन र दण्ड गरिनेछ ।
- विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा दरवन्दी मिलान गरि शिक्षकहरुको व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत सम्पुर्ण किशोरी अवस्थाका छात्राहरुलाई सेनेटरी प्याड वितरण लाई निरन्तरता दिईनेछ ।
- पालिका भरिका निजी तथा करारमा कार्यरत शिक्षक तथा शिक्षिकाहरुको पारिश्रमिकतामा एकरुपता ल्याई अध्ययन अनुमती प्रमाण पत्रको अनिवार्यता गरिनेछ ।
- गाउँ शिक्षा योजना र शैक्षिक कार्य पात्रो निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।
- वि.व्य.स., शि.अ.स. र अन्य सरोकारवालांहरुको क्षमता अभिवृद्धि गरी सुशासन र पारदर्शिता कायम गरिनेछ ।
- सम्पुर्ण विद्यालयहरुलाई ICT मैत्री तथा प्रविधिमैत्री वनाईनेछ ।
- एक वडा एक नमुना विद्यायलयलाई निरन्तरता दिईनेछ ।
- खेलकुद क्षेत्रको विकासलाई अभिवृद्धि गर्न पालिकास्तरीय अध्यक्ष कप र वडा स्तरीय वडा अध्यक्ष कप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- खेलकुद विकासलाई अभिवृद्धि गर्न पालिका क्षेत्र भित्र बहुउद्धेश्यीय खेलकुद मैदानको निर्माण कार्यमा जोड दिई खेलकुदमा हुने लैगिंक विभेदलाई अन्त्य गरिनेछ ।
- सरकारी, सामुदायिक विद्यालयमा घट्दो विद्यार्थी भर्नादरलाई निरुत्साहित गर्न आवश्यक प्रवन्ध मिलाईनेछ ।
- युवावर्गलाई स्वरोजगार बनाउन शिपमुलक तालिम र प्राविधिक शिक्षा को सुरुवात गरिनेछ ।
- शैक्षिक क्षेत्रमा देखिएका समस्याको समाधानको लागि अध्यक्ष सँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।
- लागु औषध, दुर्व्यसन तथा कुलतवाट युवाहरुलाई जोगाउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरि यूवाहरुमा सकारात्मक सोच र संस्कृतिको विकास गरिनेछ ।

CamScanner

- विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा वालमैत्री तथा अपाङ्गमैत्री संरचना निर्माण गरिनेछ ।
- नेपाल सरकार, विश्व खाद्य कार्यक्रम र अन्य साझेदार संघ संस्थाहरुवाट सञ्चालित आधारभूत तह पढाई कार्यक्रम, स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न अभिभावक भेला, वि.व्य.स., शिक्षक अभिभावक संघ, शिक्षक घुम्ती बैठक, विद्यालय पढाईमेला, पालिकास्तरीय पढाईमेला जस्ता कार्यक्रम बनाई लागु गरिनेछ ।
- युवा उद्यमशीलता विकाका कार्यक्रम मार्फत **सम्भावनाको पहिचान र उपयोग** भन्ने भावना जागरुक तुल्याई स्वरोजगार उन्मुख गराईनेछ ।
- युवा वेरोजगारी न्युनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा शिप तथा उद्यमशील क्षमता विकासका कायक्रमहरु सञ्चालन गरिने छ ।
- आर्थिक रुपले विपन्न, गरिव र सुकुम्वासी परिवारका युवाहरुलाई ईलेक्टोनिक सामग्री मर्मत, पलम्विङ तथा ईलेक्टिसियन, व्युटीपार्लर, सिलाईकटाई जस्ता सीप विकासमा जोड दिइने छ ।
- लैङ्गिक विभेदको अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वन्धी नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

### ❖ वन वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

- विगत देखि यस पालिकाको आयश्रोतको रुपमा रहेको हिमाली यार्चा तथा जडिबुटीमा निर्भर भई पुर्ख्यौली खेतीपाती वाझोमा परिणत भएको यथार्थलाई मध्यनजर गर्दै जोखिम पहाड हिमालको यात्रावाट ठुलो धनजनको क्षति, धेरै जनाको अकालमै मृत्यु, समेत हुने गरेकोले त्यस्ता दुखद घटना समेत नदोहिरिन दिन स्थानीयस्तरमै स्वरोजगारका कार्यक्रम अगाढी वढाईनेछन् ।
- खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालीन र दीर्घकालीन समाधानका लागि सम्भाव्य स्रोतहरुका खोजी तथा योजना तयार गरी खानेपानी निर्माण तथा वितरणको व्यवस्था मिलाईनेछ ।
- जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरि गाउँपालिका भित्र रहेका भुमिगत पानीका मुहानहरु, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्धन गर्ने गरि स्रोतहरुवाट खानेपानी आपुर्तिको प्रवर्धन मिलाईने छ ।
- गाउँपालिकाको मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरुको निर्माण तथा सञ्चालन लाई अभियानका रुपमा अगाढी बढाईनेछ ।

CamScanner

- प्राकृतिक प्रकोप तथा विपद् जोखिम न्यूनिकरण गर्न जनचेतना मुलक कार्यक्रम संचालन तथा प्रत्येक वडामा उद्धार समिति गठन गरी संचालनमा ल्याइनेछ ।
- पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुको वातावरणमा पर्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण IEE र वातावरणीय प्रभाव मुल्याङ्गन EIA गरिने छ ।
- खाली जमिनमा वृक्षारोपण, हरियाली प्रर्वधन तथा वनको संरक्षण र हैसियत सुधार गरि जल, जमिन तथा वातावरणको संरक्षण र जिविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।
- भू सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साकंन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनिकरण योजना तयार गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरि सो अनुसार विपद् पूर्व तयारी, विपद् न्युनिकरण, प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी वनाईनेछ ।
- ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।
- भुकम्पीय जोखिम न्युनिकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी स्रोत परिचालन गरिने छ ।
- सामुदायिक वनको लगत तयारी, कार्ययोजना तर्जुमा र स्वीकृत गरि लागु गरिनेछ ।
- वन पैदावार व्यवस्थापन तथा संरक्षणमा जोड दिईनेछ ।
- जैविक विविधता संरक्षणमा जोड दिईनेछ ।
- भू तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनमा जोड दिईनेछ ।
- वृक्षारोपण क्षेत्रको पहिचान गरि उपभोक्ता तथा सरोकार निकाय सँग समन्वय गरि वृक्षारोपण गरिने छ ।
- जलवायु अनुकुल योजना निर्माण गरिने छ ।
- वनजंगलको संरक्षण गर्न **हरियो वन सुर्मा गाउँपालिकाको पहिचान** भन्ने नारालाई आत्मसाथ गर्न पालिका भरिका सम्पूर्ण सामुदायिक वनको संरक्षण गर्न वन उपभोक्ता समितिका पदाधिकारीलाई तालिमको व्यवस्था गरिनेछ ।

### ❖ सुशासन तथा संस्थागत सम्बन्धी नीति तथा कार्यक्रम

- कानुन निर्माण पुनरावलोकनमा विषेश जोड दिईनेछ ।
- संस्थागत स्वंमुल्याङ्कन गरिनेछ ।

CamScanner

- घुम्ती सेवा सञ्चालन तथा सेवा प्रवाहमा एकद्वार प्रणाली कायम गरिनेछ ।
- सदाचार प्रवर्धन र भ्रष्टाचार नियन्त्रणमा जोड दिईनेछ ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर कर्मचारीको पदपुर्ति पुर्ण रुपमा बनाईने छ ।
- कर्मचारीको क्षमता विकास, उत्प्रेरणा, प्रोत्साहनको उचित प्रवन्ध गरिने छ ।
- सम्पुर्ण सेवा प्रवाह लाई सुचना प्रविधि मैत्री बनाईने छ ।
- ऐन, नियम, कार्यविधि र मापदण्डहरु निर्माण गरि स्थानीय राजपत्रमा प्रकाशन गरिने छ ।
- स्थानिय तहको सुशासनको मापन र स्थानिय शासन कार्यसम्पादन मूल्यांकन प्रणालीको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- यस आर्थिक वर्षभित्र गाउँपालिका क्षेत्रभित्रका सम्पुर्ण मातहतका निकायहरुमा विद्युतिय हाजिरी अनिवार्य रुपमा जडान गरिनेछ ।

❖ सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

- आर्थिक रुपले अति विपन्न श्रमिक तथा ज्यालादारी गरी खाने मजदुरलाई श्रममूलक प्रविधिको प्रयोग गरि कार्यान्वयन गरिने आयोजना छनौटमा प्राथमिकता दिइनेछ ।
- अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई राहतको कार्यक्रममा जोड दिइनेछ ।
- खानेपानी तथा सरसफाई वितरणमा निर्माण भएका संरचनाहरुको मर्मत सम्भार कोष खडा गरि वितरण व्यवस्थामा सुदृढीकरण गरिनेछ ।
- गाउँपालिकामा WASH परियोजना सञ्चालनका लागि आवश्यक वजेट र सम्वन्धित निकायसँग समन्वय कायम गरिने छ ।
- बालविवाह र वहुविवाह रोकथाम कार्यक्रम ल्याईनेछ ।
- सबै प्रकारका लैङ्गिक, जातिय, छुवाछुत जस्ता विभेदको पूर्ण रुपमा अन्त्य गरिनेछ ।
- आर्थिक, सामाजिक, सास्कृतिक रुपले पछाडि परेका वर्गको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिक सम्मान र युवा प्रोत्साहनको नीतिलाई निरन्तरता दिइनेछ ।

❖ पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

- अति आवश्यक बाहेक कुनै पनि टुक्रे योजनाहरु निरुत्साहित गरिनेछन् ।
- विद्युत उत्पादनमा संघ, प्रदेश सरकार र निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न नीतिगत र संरचनागत सुधार गरि सार्वजनिक निजि सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
- सबैका लागि खानेपानी एक घर एक धारा, जलाधार देखि धारासम्म शुद्धीकरणको कार्यक्रम सञ्चालन गरिनेछ ।

CamScanner

- पालिका भरिका निर्माणाधिन वा अब उप्रान्त गठित उपभोक्ता समितिहरु योजना सम्म वा तत्पश्चात निष्क्रिय हुन नदिन कम्तिमा योजना, आयोजना तथा कार्यक्रमको अवस्था प्रभावकारीता का आधारमा अनिवार्य मर्मत सम्भार कोष पालिकाको १ जना कर्मचारी सहितको संयुक्त दस्तखतमा आर्थिक कारोवार वर्षौं सम्म गरिने व्यवस्था गरिने छ ।
- प्राविधिक सम्बन्धी सफ्टवेयर खरिद गरि तत् सम्बन्धी तालिम आयोजना गरि कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ ।
- ईञ्जिनियरिङ सेवाका लागि आधुनिक उपकरण खरिद गरिनेछ ।
- गाउँपालिका भित्र संचालन हुने करिब ६० लाख माथिका योजनाहरुको डि.पि.आर. पश्चात कार्यान्वयन गरिनेछ ।
- आवधिक योजना, सुरक्षित आवास योजना र बस्ति विकास योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।
- दीर्घकालीन लगानी मार्ग दर्शकका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरि सबै सडकलाई क्रमश स्तरोन्नती गरि ग्रावेल गरिनेछ ।
- गाउँपालिकाले भू उपयोग क्षेत्र निर्धारण गरि बस्ति विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरि वस्ती विकास योजना सहित भौतिक विकास निर्माणका कार्य व्यवस्थित र गुणस्तरीय रुपमा सञ्चालन गरिनेछन् ।
- आवासको हकलाई सुनिश्चित गर्न सुरक्षित तथा रोजगारीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरि सहुलियत आवास योजना कार्यान्वयन गरिने छ । यसका लागि निजी क्षेत्र सँग साझेदारी समेत गर्न सकिने छ ।
- एकीकृत शहरी तथा वस्ति विकास योजना द्धारा निर्दिष्ठ गरेको पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदार हरुसँगको सहकार्यलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकाको विकासमा रुपान्तरण गरि परिवर्तन ल्याउन सक्ने केही ठुला आयोजनाहरु पहिचान गरि गाउँपालिका गौरव आयोजनाका रुपमा क्रमश कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन ।
- विगत देखिका निर्माणाधिन तथा अधुरा आयोजनाहरु सम्पन्न गर्न क्रमागत रुपामा बजेट विनियोजन गरिनेछ ।
- एकीकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउन एकीकृत वस्ती विकास योजना सञ्चालन गरिनेछन् ।
- नेपाल राष्ट्रिय भवन संहिता, २०६०, भवन ऐन, २०६८, बस्ती विकास, शहरी आयोजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२, राष्ट्रिय भुउपोग नीति, भवन योजना तधा मापदण्ड २०५६ लगायतका राष्ट्रिय, प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी

CS CamScanner
CS CamScanner

ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरि सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

- भवन निमार्ण अनुमति प्रक्रियालाई प्रविधिमा आधारित तुल्याई सहजीकरण गरिनेछ ।
- गाउँपालिकाभित्र भु उपयोग नीति क्रमश लागु गर्दै जाने नीति ल्याईनेछ ।
- गाउँपालिकाभित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरि सडक मापदण्डको समस्यालाई समन्वय गरि समाधान गरिने छ ।
- गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।
- गाउँपालिकाको सिमा क्षेत्र एकिन गरि गाउँपालिकाका सिमानामा कलात्मक तथा गाउँपालिका ऐतिहासिक मौलिकता झल्काउने गरि स्वागतद्धारको निर्माण गरिने छ ।
- निर्माण भएका योजनाहरु बाट १ प्रतिशत मर्मत सम्भार कोष खडा गरि योजनाहरुको मर्मत सम्भार गरिनेछ ।
- सडक मापदण्ड तथा नीति नियम निर्माण गरि लागु गरिने छ ।
- ठुला तथा गौरवका आयोजनाहरुको सर्वेक्षण कार्यहरु गरि डि.पि.आर. तयार गरिनेछ ।
- आवश्यता अनुसार थप वैकल्पिक पदमार्गहरु निर्माण गरिने छन् ।
- उपभोक्ता तथा सरोकारवाल निकायहरु सँग सहकार्य र समन्वय गरि योजनाहरु निर्माण गरिने छ
- भवनहरुको नमुना डिजाइन निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।
- स्थानीय तहमा भएका सिकर्मी , डकर्मी र प्लम्बर हरु लाई थप तालिमको व्यवस्था गरिने छ ।
- सार्वजकि जग्गा र भवन को लगत संकलन गरि अतिक्रमण बाट जोगाईनेछ ।
- ढल निकार र फाहोरमैला व्यवस्थापन गरिनेछ ।
- खेतीयोग्य जमिनको पहिचान गरि कृषिमा चक्लाबन्दी गरिने छ साथै उत्पाद वृद्धिका लागि सतह सिचाई कुलो, सिचाई पोखरी निर्माण गरिनेछ ।
- नदि नियन्त्रण, पहिरो नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ,
- सञ्चार, नेट तथा इन्टरनेट को लागि नेपाल टेलिकम सँग सहकार्य गरिनेछ ।
- सुर्मा गाउँपालिकामा रहेका खोलाहरुमा नागरिकका लागि पायक पर्ने ठाउँमा झोलुङ्गे पुलका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

❖ उद्योग , पर्यटन तथा संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

- गाउँपालिका भित्रका पर्यटकीय तथा धार्मिक धरोहरका रुपमा रहेका स्थलहरु सुर्मा सरोवर ताल, सुर्मा देवि मन्दिर सुर्मा , दहताल, सुर्मा देवि मन्दिर घोगाडा तथा सम्भाव्य सम्पुर्ण पर्यटकीय क्षेत्रहरुको संरक्षण, प्रवर्धन गरि प्रचार प्रसार गरिनेछ ।

CamScanner

- ऐतिहासिक पर्व विरीजात, भुँवो, भस्सो, लोक बाजा ढाका, देउडा, खेल आदि संस्कृतिलाई जगेर्ना गरि त्यसको प्रचार प्रसारमा जोड दिईनेछ ।
- पर्यटकीय तथा धार्मिक क्षेत्रको पहिचान र प्रचार प्रसारको लागि ठाउँ ठाउँमा होर्डिङ बोर्ड को व्यवस्था गरिनेछ ।
- मनडोगडी देखि घोगाडा सुर्मा देवि मन्दिर सम्म पर्यटकीय पदमार्गको निर्माण गरिने छ ।
- उद्योग व्यवसाय दर्ता गरि पालिका भित्रका सम्पुर्ण व्यवसायलाई करको दायरमा ल्याइने छ, साथै दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सुचना प्रविधिको प्रयोग गरि सरलीकरण र प्रभावकारी बनाईने छ ।
- लगानीमैत्री नीति तथा औद्योगिक पूर्वाधार सुदृढीकरण गर्दै आन्तरिक लगानीलाई प्रवर्धन गर्दै बाह्य लगानी भित्र्याउने पर्यटन तथा विकास नीति लिईनेछ ।
- स्थानीयस्तरमा पाइने कच्चा पदार्थ उत्पादन गरि साना तथा मझौला उद्योग ढटेलो तेल प्रशोधन, अल्लो प्रशोधन, भागो प्रशोधन कार्यान्वियनमा विशेष जोड दिई उत्पादन स्थल सम्म सडक पूर्वाधार तथा विद्युतीकरणको पहुच पुर्‍याईने छ ।
- पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरि सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- पर्यटकीय सडक सञ्जाल को कार्यान्वियनमा जोड दिइनेछ ।
- विभिन्न जातजातिहरुको ऐतिहासिक, सास्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई हो स्टे सहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनमा पाहुना राख्न घर छनौट गरिनेछ ।
- राष्ट्रिय विधुत प्रसारण लाइन पुग्न बाकी वस्तीहरुमा आ.व. ०८३/०८४ मा नै विस्तार गरिनेछ र संचालनमा रहेको सुर्मा सरोवर पदमार्गलाई निरन्तरता दिईनेछ
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत हाम्रो पालिकामा उक्त कार्यक्रम कार्यान्वयन र सञ्चालनको लागि रोजगार सेवा केन्द्र स्थापना भईसकेको छ । उक्त रोजगार सेवा केन्द्रबाट रोजगार व्यवस्थापनल सूचना प्रणालीमा प्रविष्ट गराएर यस पालिका भित्रका वेरोजगार व्यक्तिहरुका लागि स्थानीय माग तथा आवश्यकतामा आधारित रोजगारका कार्यक्रमहरु अगाढी बढाईनेछन् । यसका साथै यस गाउँपालिका अन्तर्गत आगामी आ.व. मा सञ्चालन गरिने विकास निर्माणमा कार्यक्रमलाई थप श्रम प्रधान कार्यक्रम बनाई रोजगारीको सिर्जनामा जोड दिइनेछ ।

❖ **राष्ट्रिय परिचयपत्र, पञ्जिकरण र सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कार्यक्रम**

अध्यक्ष महोदय,

अब म राष्ट्रिय परिचयपत्र, पञ्जिकरण र सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु,

CamScanner

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिरण विभागले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न अनिवार्य गरेको राष्ट्रिय परिचयपत्र नं. प्राप्तिको लागि जिल्ला प्रशासन कार्यालय सँग सहजीकरण गरि सम्पुर्ण पालिका बासी सामाजिक सुरक्षा लाभग्राहीहरुलाई राष्ट्रिय परिचयपत्र नं. उपलब्ध गराईने छ ।
- सामाजिक सुरक्षा भत्ता सम्भव भए सम्म बैकं सँग सहकार्य गरेर अशक्त जेष्ठ नागरिक र अशक्त अपाङ्गहरुलाई बैक प्रणाली मार्फत वितरणका लागि घरदैलो गर्ने प्रयास गरिनेछ ।
- प्रत्येक वडा टोल बस्तीमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रक्रियामा सबै नागरिकको सहज पहुँच पुर्याउन शत प्रतिशत घटना दर्ता पालिका बनाईने छ ।

❖ **न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन सम्बंन्धी नीति तथा कार्यक्रम**

- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरि प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरुको प्रबन्ध मिलाईनेछ ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।
- सभाबाट हालसम्म निर्माण भएका ऐन कानुनहरुलाई संग्रहित गरि स्थानीय कानुन संग्रह प्रकाशन गरिने छ ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन का लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरि सरोकारवालाहरुसँग समन्वय र सहजीकरणमा कार्यान्वयन गरिने छ ।

❖ अन्य

- दलित तथा गैर दलित विपन्न समुदायमा परम्परागत रुपमा गरिदै आएका शिपमुलक कार्यक्रमको निरन्तरता दिन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- गरिब तथा विपन्न परिवारलाई शिपमुलक कार्यक्रमको सुनिश्चितता गरि सहभागी गराईनेछ ।

अध्यक्ष महोदय,

अब म आगामी आ.व. २०८३।०८४ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत विक्रि सम्बन्धी कानुन तर्जुमा गरि राजश्व परिचालनलाई थप व्यवस्थित बनाईनेछ ।
- आर्न्तारिक आयका थप स्रोतहरुको सम्भाव्यता अध्ययन र राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तिय हस्तान्तरण तथा गैर सरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैर सरकारी संस्था र विकास साझेदारी सँग परामर्श, समन्वय र साझेदारी गरिने छ ।

CamScanner
CamScanner

- करको दर सम्भव भएसम्म न्युनतम गरि दायरा बढाईनेछ।
- कर प्रशासन, राजश्व, वित्तिय साक्षरता सम्वन्धी जनचेतनामुलक कार्यक्रमको आयोजना गरिनेछ
- पालिकाको आन्तरिक राजश्व अधिवृद्धिका लागि करका नँया सम्भाव्य क्षेत्रहरु पहिचान गरिने छ
- राजश्व संकलन सफ्टवयरमा सवै करदाताको विवरण प्रविष्ट गरिने छ साथै कर्मचारी लाई राजश्व संकलन सम्वन्धी क्षमता अभिवृद्धिका कार्यक्रमको आयोजना गरिने छ।
- राजश्व चुहावट नियन्त्रण र पालिका वासी लाई करको दायरमा ल्याउन आवश्यक कानुनी व्यवस्था गरिनेछ।
- ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदी जन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय ऐन सम्वन्धी कानुनका कारण उत्पन्न जटिलतालाई मध्यनजर गर्दै वैकल्पिक पद्धतीको रुपमा गाउँपालिका बाट उत्पादन गरि बिक्रि गर्ने विधि अवलम्वन गरिने छ।
- करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ठ करदातहरुलाई पुरस्कृत तथा सम्मानित गरिनेछ।
- कर प्रशासन लाई सूचना प्रविधिमैत्री र करदाता मैत्री तुल्याउदै लगिनेछ।
- करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा उपयोग गर्न करदातालाई कर सम्वन्धी सूचना प्रवाह गर्न डिजिटल कर प्रणालीलाई थप मजवुत वनाईने छ।
- राजश्व नीति तथा कार्यक्रमहरुको उद्देश्यहरु निम्न बमोजिम प्रस्तुत गरेको छु :-

  (क) करको आधार र दायरालाई फराकिलो बनाउने,

  (ख) सवै आर्थिक क्रियाकलापहरु लाई करको दायरामा ल्याउने,

  (ग) करको संरचना र करका दरहरुमा समय सापेक्ष सुधार गर्ने,

  (घ) कर छली तथा राजश्व चुहावट नियन्त्रण गर्ने,

  (ङ) कर प्रणालीलाई लगानी मैत्री बनाउने,

  (च) सम्पति कर लागु गर्ने,

  (छ) कर्मचारी अभाव हुन नदिई कर प्रशासनलाई प्रभावकारी बनाउने।

**अध्यक्ष महोदय,**

- गाउँपालिकाको आवश्यकता सम्वोधन गर्न उच्च प्राथमिकता दिई निर्माण गरिएको वार्षिक नीति तथा कार्यक्रमलाई पुरा गर्ने गरी तर्जुमा गरिएको बजेट कार्यान्वयनबाट आर्थिक क्रियाकलाप विस्तार भई गाउँपालिकाको उच्च आर्थिक वृद्धिदर कायम हुने अपेक्षा लिएको छु।
- नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्न मार्गनिर्देश गर्नु हुने अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षहरु ज्यू, कार्यापालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु र यस सुर्मा गाउँपालिकाका सम्पूर्ण कर्मचारी प्रति हार्दिक आभार प्रकट गर्दछु।
- यस गाउँपालिकाको विकास र समृद्धिमा सद्भाव र सहयोग पुऱ्याउन हुने सम्पुर्ण गाउँपालिका वासी, करदाता र नागरिक समाज प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सवैको पूर्ण सहयोगको अपेक्षा गरेको छु।

## अनुसुची १

आ.व. २०८२/०८३ को यथार्थ र २०८३/०८४ को अनुमानित आयव्यय को विवरण

| शिर्षक | आ.व. २०८२/०८३ को यथार्थ | आ.व. २०८३/०८४को अनुमान |
|---|---|---|
| आय | | |
| राजश्व | | |
| आन्तरीक राजश्व | ८ लाख १६ हजार ३ सय ६९रुपैया मात्र । | २० लाख रुपैया मात्र । |
| राजश्व बाँडफाँडबाट प्राप्त रकम | | |
| नेपाल सरकारबाट प्राप्त | ७ करोड ९६ लाख ७२ हजार तीन सय ३९ रुपैया ३३ पैसा मात्र । | ९ करोड ८३ लाख ५६ हजार रुपैया मात्र । |
| प्रदेश सरकारबाट प्राप्त | ८ लाख ७४ हजार नौसय तिरानब्बे रुपैयाँ मात्र । | २४ लाख १९ हजार रुपैया मात्र । |
| समपुरक अनुदान | | |
| नेपाल सरकारबाट अपेक्षित | १५ लाख २५ हजार नौसय त्रिपन्न रुपैयाँ मात्र | २ करोड ५० लाख |
| प्रदेश सरकारबाट अपेक्षित | ३ लाख ४७ हजार ३ सय ६८रुपैयाँ मात्र | ० |
| वित्तिय समानिकरण अनुदान | | |
| नेपाल सरकारबाट | ७ करोड ५२ लाख ६३ हजार ३ सय पचास रुपैयाँ मात्र । | ८ करोड २७ लाख रुपैयाँ मात्र । |
| प्रदेश सरकारबाट | ६२ लाख १४ हजार २७ रुपैया पचास पैसा मात्र । | ६८ लाख ७९ हजार रुपैयाँ मात्र । |
| सशर्त अनुदान | | |
| नेपाल सरकारबाट | १३ करोड ६२ लाख मात्र । | १३ करोड ३९ लाख |
| प्रदेश सरकारबाट | १ करोड ६९ लाख रुपैयाँ मात्र । | |
| संघ विषेश | ३३ लाख ८२ हजार तीनसय उनानब्बे रुपैया ७६ पैसा | २ करोड ६३ लाख |
| प्रदेश विशेष | १६ लाख १ हजार ८ सय तीन रुपैया | |
| अन्य बैक मौजात | ७२ लाख ६२ हजार ६ सय ९२ रुपैयाँ२६ पैसा मात्र । | |
| सामाजिक सुरक्षा कार्यक्रम | | ० |
| कुल आय | **३२ करोड ८६ लाख २१ हजार २ सय ८४ रुपैयाँ ८५ पैसा।** | **३७ करोड ७५ लाख ५४ हजार रुपैयाँ मात्र।** |

CamScanner